नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# नापी विभाग

( योजना तथा अनुगमन शाखा )

फोन नं. ४६२१७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल


पत्र संख्याः- ३।१।०७५।०७६
प्राप्त पत्र संख्याः.............
च.नं.: ३

मिति : २०७५।०४।०३

**विषय : फायल नक्सा तथा निर्देशन माग गर्ने सम्बन्धमा ।**

**श्री नापी कार्यालय,**
**सबै ।**

उपरोक्त सम्बन्धमा कतिपय कार्यालयहरूमा विभिन्न मान नापमा, विभिन्न मितिमा फायल नक्सा तयार भई अप्रमाणीत अवस्थमा रहेका छन् भने त्यस्ता फायल नक्साहरू सक्कल नक्सा अनुसार तयार भए / नभएको एकीन गरी मिति जनाई प्रमाणीत गरी राख्ने र कतिपय अवस्थामा फायल नक्सा तयार गर्दा सेवाग्राहीको स्वार्थ अनुरूप भोग वमोजिम नक्सा तयार गरी खरिद बिक्री समेत हुने गरेको भन्ने बुझिन आएकोले त्यस प्रकारको काम कारवाही भए गरेको भए चेक जाँच गरी सक्कल नक्सा वमोजिम संशोधन गर्न गराउनु हुन तथा संलग्न कर्मचारीहरूलाई विभागिय कारवाहीको लागि सिफारिस गरी पठाउने सम्बन्धमा यस विभागको च.नं. २६८ मिति २०६९।०८।१२ मा गरिएको परिपत्र प्राप्त भएकै होला । सो सम्बन्धमा कार्यालय प्रमुखले पुनः चेक जाँच गरी कार्यान्वयन गर्नुका साथै फायल नक्सामा कित्ताकाट गर्नु अगाडी चेक जाँच गरी सक्कल नक्सा अनुसार फायल नक्सा तयार भएको अवस्थामा मात्र कित्ताकाट गर्ने व्यवस्था मिलाउनु हुन साथै कार्यालयको क्षेत्राधिकार भित्रका विभिन्न कार्यहरू सम्पादन गर्ने क्रममा कतिपय नापी कार्यालयबाट ऐन, नियमावली र निर्देशिकाको अध्ययन नै नगरी स्पष्ट कानूनी व्यवस्था भएका विषयमा पनि विभागबाट आदेश निर्देशन माग गर्ने गरिएकोले जग्गा (नाप जाँच) ऐन, २०१९, जग्गा (नाप जाँच) नियमावली, २०५८ का साथै जग्गा नाप जाँच तथा नक्सा श्रेस्ता अध्यावधिक सम्बन्धी निर्देशिका, २०७३ वमोजिम गर्नु पर्नेमा सो मा द्विविधा भएको अवस्थामा ऐन, नियमावली र निर्देशिकाको दफा उपदफा समेत उल्लेख गरी पत्रचार गर्न नापी विभागको मिति २०७५।०४।०३ को निर्णयानुसार अनुरोध छ ।

२०७५।४।३

(शैलेन्द्र प्रसाद सिंह)
नापी अधिकृत